# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## आन्तरिक प्रतियोगिता, खुल्ला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/४/१)**

**(कम्पनीको Website मा प्रकाशित मिति २०७८/३/३१)**

लोकसेवा आयोगको मिति २०७८/३/३१ को सहमति अनुसार यस कम्पनीमा २०७७ पौष मसान्तसम्म रिक्त भएका देहायका पदहरु खुल्ला, समावेशी र आन्तरिक प्रतियोगिताद्वारा लोकसेवा आयोगबाट लिखित परिक्षा सञ्चालन गरी स्थायी पदपुर्ति गरिने हुँदा कम्पनीको प्रचलित कर्मचारी प्रशासन विनियमावली, २०६४ (नवौं संशोधन) मा व्यवस्था भए बमोजिम देहायका योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम कम्पनीको वेभ साईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । निर्दिष्ट स्थानमा पासपोर्ट साईजको फोटो टाँस गरी आफुले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाण पत्रहरु स्वयं प्रमाणित गरी यो सूचना प्रथम पटक गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ दिन भित्रमा कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वर स्थित मानव श्रोत विकाश शाखामा बुझाउन आव्हान गरिएको छ । परीक्षा दस्तुर नविल बैक लिमिटेडको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरी दरखास्त साथ दुई प्रति भौचर संलग्न गर्नु पर्नेछ । दरखास्त दिने अन्तिम मिति पछि ७ दिन सम्ममा दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ ।

| बिज्ञापनको किसिम | बिज्ञापनको किसिम | पद | सेवा | समुह | तह | आवश्यक न्यूनतम योग्यता | माग पद संख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| २१/०७७/०७८ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उर्त्तीण भई सम्बन्धित सेवा समुहको तह ८ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २५०० |
| २२/०७७/०७८ | महिला | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनीयरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भई सबन्धित क्षेत्रमा कम्तीमा चार बर्ष काम गरेको अनुभव | १ | २५०० |
| २३/०७७/०७८ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इ्लेक्ट्रिकल वा मेकानिकल ईन्जिनीयरिंग बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भई सबन्धित सेवा समुहको तह ८ मा कम्तीमा चार बर्ष काम गरेको अनभव । | १ | २५०० |
| २४/०७७/०७८ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्रशासन | प्रशासन | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भई सबन्धित सेवा समुहको तह ८ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २५०० |
| २५/०७७/०७८ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्रशासन | लेखा | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा तथ्याङ्क शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उर्त्तीण भई सबन्धित सेवा समुहको तह ८ मा कम्तीमा चार बर्ष काम गरेको अनभव । | १ | २५०० |
| २६/०७७/०७८ | आन्तरिक प्रतियोगिता | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उर्त्तीण भई सम्बन्धित सेवा समुहको तह ७ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | २ | २००० |
| २७/०७७/०७८ | खुल्ला | | | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण भई सम्बन्धित क्षेत्रमा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २००० |
| २८/०७७/०७८ | खुल्ला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनीयरिंग बिषयमा बी.ई वा सो सरह उर्त्तीर्ण । | २ | २००० |
| २९/०७७/०७८ | खुल्ला | ईन्जिनियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रीकल वा मेकानिकल बिषयमा बि.ई. वा सो सरह उत्तीर्ण | १ | २००० |
| ३०/०७७/०७८ | आन्तरिक प्रतियोगिता | प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण भई सबन्धित सेवा समुहको तह ६ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१/०७७/०७८ | आन्तरिक प्रतियोगिता | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वार्णिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण भई सबन्धित सेवा समुहको तह ६ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २००० |
| ३२/०७७/०७८ | आन्तरिक प्रतियोगिता | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भई सबन्धित सेवा समुहको तह ५ मा कम्तीमा चार बर्ष काम गरेको अनुभव । | १ | २००० |
| ३३/०७७/०७८ | खुल्ला | | | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । | २ | २००० |
| ३४/०७७/०७८ | मधेशी | | | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण । | १ | २००० |
| ३५/०७७/०७८ | खुल्ला | सहायक कानून अधिकृत | प्रशासन | कानून | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह वा सो सरह उर्त्तीण । | १ | २००० |
| ३६/०७७/०७८ | खुल्ला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | सिभिल ईन्जिनीयरिंग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | ४ | १५०० |
| ३७/०७७/०७८ | महिला | | | | | | १ | १५०० |
| ३८/०७७/०७८ | आदिबासी जनजाति | | | | | | १ | १५०० |
| ३९/०७७/०७८ | मधेशी | | | | | | १ | १५०० |
| ४०/०७७/०७८ | पिछडिएको क्षेत्र | | | | | | १ | १५०० |
| ४१/०७७/०७८ | खुल्ला | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | १ | १५०० |
| ४२/०७७/०७८ | दलित | | | | | | १ | १५०० |
| ४३/०७७/०७८ | खुल्ला | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित वा तथ्यांक शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मुल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | २ | १५०० |
| ४४/०७७/०७८ | महिला | | | | | | १ | १५०० |
| ४५/०७७/०७८ | दलित | | | | | | १ | १५०० |
| ४६/०७७/०७८ | महिला | बरिष्ट कम्प्युटर अपरेटर | प्राविधिक | सू.प्र. | ५ | कम्प्युटर बिषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्था वा विज्ञान तथा प्रविधि मन्त्रालयबाट कम्तीमा पांच महिनाको कम्प्यटर तालिम प्राप्त । | १ | १५०० |
| ४७/०७७/०७८ | आदिवासी जनजाति | बरिष्ट ल्याव टेक्निसियन | प्राविधिक | गुणस्तर | ५ | विज्ञान विषयमा प्रमाणपत्र तह वा ल्याव टेक्नीसियनमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह उर्तिण गरी सम्बन्धित विषयमा एक बर्षको अनुभव प्राप्त वा प्रमाणपत्र तह उर्तीण गरि सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त । | १ | १५०० |

नोट :

१ उमेरको हकमा अधिकृत स्तरको सातौं, आठौं र नवौं तह पदको लागि २१ वर्ष पुरा भै ४० वर्ष ननाघेको, छैठौं तहको लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र सहायक स्तरको लागि १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला र अपाङ्गता भएका व्यक्तिको लागि ४० बर्षको उमेरसम्म उम्मेद्वार हुन सक्ने छन् ।

२ यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४(नवौं संशोधन सहित) विनियम १८ मा व्यवस्था भए अनुसार परिक्षणकाल हुनेछ ।

३ तलव स्केल र अन्य सुविधा यस कम्पनीको नियमानुसार हुनेछ ।

४ प्रत्येक सेवा अन्तर्गत खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइने छ ।

५ समावेशी समुह भित्र फाराम भर्ने उम्मेदबारहरुले विज्ञापन अनुसारका प्रत्येक समुहका दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टा भर्नु पर्नेछ, तर रोल नम्बर र प्रबेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ ।

६ उम्मेदबारले प्रवेशपत्रमा आफु उम्मेदबार हुने समुहहरुको विवरण निर्धारित ढांचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ । अन्यथा परीक्षामा समावेश गराईनेछैन ।

७ एक भन्दा बढी समुहमा फाराम भर्ने उम्मेदबारले आफुले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ ।

८ दरखास्त पेश गर्ने उम्मेदबारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्याद भित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम नविल बैंक स्थित चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरेको सक्कल भौचर दुई प्रति सहित दरखास्तसाथ पेश गर्नु पर्नेछ । समावेसी तर्फको आवेदन भर्ने उम्म्दवारहरुले प्रत्येक समावेसीमा परिक्षा दस्तुरको ५० प्रतिशत थप रकम बुझाउनु पर्नेछ ।

९ परीक्षा सम्बन्धी कार्यक्रम पछि गोरखापत्रमा प्रकाशित गरिनेछ ।

१० कार्य गर्नुपर्ने क्षेत्र :काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा ।

११ समावेशी तर्फका उम्मेदबारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:

क आदिवासी/जनजातीको हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएका जातिको सुचिको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख दलितको हकमा नेपाल दलित आयोगबाट सुचिकृत भएका जातिको सुचिको आधारमा दरखास्त स्वीकृत हुनेछ । राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग मधेशीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धीत स्थानिय निकायको प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

१२ थप जानकारी आवश्यक भएमा कम्पनीको मुख्य कार्यालय मानव श्रोत विकाश शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३ दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा सुरक्षित हुनेछ ।

१४ दरखास्त दिने उम्मेदवारहरुले दरखास्त फारामको प्रवेश पत्र खण्डमा आफ्नो नागरिकता नं., नागरिकता जारी भएको जिल्ला अनिवार्य रुपमा हस्तलिखित गरि उल्लेख गर्नु पर्नेछ ।

पदपूर्ति समिति
काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
त्रिपुरेश्वर मार्ग, काठमाण्डौ